समयमै श्रम अडिट गरौं । जिम्मेवार प्रतिष्ठानको परिचय दिऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग

बुद्ध दर्पण
राष्ट्रिय दैनिक
The Buddha Darpan National Daily




वर्ष ७ अंक ३१ ३१ साउन २०७८ आइतबार 15 August 2021 Sunday पृष्ठ : ४ मूल्य : ५ रुपैयाँ

## श्रृङ्गीघाट सामुदायिक वन प्रकरण

# ठेकेदार र अध्यक्षकै मिलेमतोको आशंका



कपिलवस्तु, ३० साउन

कपिलवस्तुको बाणगंगा स्थित श्रृंङ्गीघाट सामुदायिक बनबाट गायब भएको ९ सय ४० क्यूफिट काठ प्रकरणमा स्थानीयबासी तथा उपभोक्ताहरुले कटान ठेक्का पाएको ठेकेदार तथा बनकै अध्यक्षको मिलेमतो भएको आशंका गरेका छन् । सामुदायिक बनले आ.ब. २०७६/७७ मा स्वीकृत कार्यक्रम अनुसार श्रृंङ्गीघाट सामुदायिक बनले ६२ हजार क्यूफिट काठ कटान गर्न दिएको ठेक्काको ठेकेदार कृष्णगोपाल श्रेष्ठ (कोजु) तथा सामुदायिक बनकी अध्यक्ष रेनु सेनकै संलग्नता रहेको स्थानीय उपभोक्ताको भनाई छ ।

यता गयो जंगलको काठ : २०७७ जेठ १५ पछि साल लगायतका काठ विक्री वितरण र संकलनमा रोक लाग्दा साल गोलिया काठको मुल्य प्रति क्यूफिट ३५ सय देखि ४ हजार रुपैया सम्म पर्न गएको थियो । साल लगायत अन्य काठको चरम अभाव तथा अत्याधिक माग बिच सामुदायिक बनको सिवनएसवन प्लट र ढलापडा प्लटबाट गरि ९ सय ३९.४४ क्यूफिट काठ चोरी भएको थियो । तर उपभोक्ता श्रोतका अनुसार ठेकेदार कृष्ण गोपाल कोजुले अध्यक्ष रेनु सेनको सहमतिमा २०७७ भदौ मा आफ्नो बाणगंगा ३ स्थित जयमहालक्ष्मी स-मिलमा लगेर त्यहिबाट चिरान गरि स्थानीय काठ व्यवसायीहरुलाई विक्री गरेका थिए । तर अध्यक्ष सेनले भने उक्त काठ सापटीको रुपमा कोजुलाई दिने र काठ खुल्ने बित्तिकै अन्यत्रबाट काठ सिधै घाटगद्धिमा ल्याई गोप्य रुपमा शोधभर्ना गर्ने गरि सहमति भएको श्रोतको दाबी छ । तर २०७७ माघ १४ गतेको निर्णय अनुसार जंगल भित्रका गोलियाहरु घाटगद्दी सम्म ढुवानी आदेश पछि ढुवानीका क्रममा घाटगद्दी रजिष्टर तयार गर्ने बेलामा कटान रजिष्टर र घाट गद्दी रजिष्टर मिलान गर्दा ढलापडा प्लटको ३ सय ६४ दशमलब ७० र वैज्ञनिक वन प्लटको ५ सय ७४ दशमलब ७४ क्युफिट गरि कुल ९ सय ३९ दशमलव ४४ क्युफिट काठ हराएको भेटिएपछि रहस्य सार्वजनिक भएको हो ।

उन्मुक्तिको जुक्ति : सामुदायिक बनले काठ हराएको प्रकरणमा वास्ता नगर्नु, डिभिजन बनलाई ढिलो जानकारी गराउनु, र ठेकेदारलाई कारवाहीको सट्टा जरिवाना मात्र तिराएर छाड्ने निति लिनुले मिलेमतोको आरोपलाई प्रश्रय दिएको पाइन्छ । ठेकेदार कोजु तथा अर्का ठेकेदार गणेश सिंहलाई बन ऐनमा भएको फितलो कानून टेकेर प्रति क्यूफिट काठको न्यूतम दररेटको जरिवाना तोकेर छाड्ने तयारी भइरहेको बताइएको छ । चोरी भएको ९ सय ३९ क्यूफिटमा ८ सय क्यूफिट साल मात्र छ र अहिले सालको न्यूनतम रेट १ हजार छ भने

(बाँकी ३ पेजमा>>>

## कांग्रेसको महाधिवेशन मंसिर ९ गते



काठमाण्डौ, ३० मंसिर

नेपाली काङ्ग्रेसको महाधिवेशन आउँदो मंसिरमा हुने भएको छ । शनिबार केन्द्रीय समिति बैठकले मंसिर ९ देखि १३ गतेसम्म केन्द्रीय महाधिवेशन गर्ने निर्णय गरेको केन्द्रीय सदस्य मीन विश्वकर्माले जानकारी दिए । भदौ १६ देखि १९ गतेसम्म तोकिएको महाधिवेशन हुन नसकेपछि कांग्रेसले तीन महिना पछि अर्को महाधिवेशन मिति तोकेको हो । केन्द्रीय समिति बैठकको निर्णय अनुसार अब भदौ २ गतेसम्म क्रियाशील सदस्यको अन्तिम नामावली बुझाउने समय तोकिएको छ । त्यस्तै भदौ २ गते नै निर्वाचन निर्देशिकालाई अन्तिम रुप दिने कांग्रेसको कार्यतालिका छ ।

वडा अधिवेशन भदौ १८, गाउँ तथा नगर अधिवेशन भदौ २७, प्रदेश निर्वाचन क्षेत्रको अधिवेशन असोज १, संघीय निर्वाचन क्षेत्रको अधिवेशन असोज ५, जिल्ला अधिवेशन असोज १० र प्रदेश अधिवेशन कात्तिक १० देखि १२ गतेसम्मका लागि तोकिएको छ ।

क्रियाशील सदस्यतामा देखिएको विवादका कारण भदौको महाधिवेशन कार्यतालिका प्रभावित भएपछि अर्को मिति कहिले तोक्ने भन्नेमा कांग्रेसमा संस्थापन र रामचन्द्र पौडेलबीच विवाद भएको थियो । पार्टी विधान र संविधानअनुसार महाधिवेशन गर्नुपर्ने समय कांग्रेसले गुजारिसकेको छ ।






# सम्पादकीय

## नेपालको सकस: भारत

'नेपाल-भारत सम्बन्ध जयसिंह धामीलाई पारिका प्रहरीले महाकालीको मुल्कुमा खसालेर बेपत्ता पारेको दिनपछि 'सामान्य' समेत रहन सकेको छैन । एकाएक 'सुमधुर एवं प्रगाढ' कसरी होला र ? जङ्गी अड्डाको शुक्रबारको विज्ञप्ति पढेपछि उब्जिने प्रश्न भारतीय राजदूत र कामु प्रधान सेनापति भेटघाटको प्रसङ्ग' । वरिष्ठ पत्रकार ध्रुवहरि अधिकारीको उल्लेखित ट्वीटर टिप्पणीले झस्काएको हुनुपर्छ । 'सामान्य' समेत रहन नसकेर असामान्य भन्न नमिल्ने र सहज पनि नभएको अवस्था हो यो । भारतीय पक्षबाट जहिले पनि सताउने काम गरिन्छ । सरकारी तहबाट मात्रै हैन, प्रशासनिक र स्थानीय सम्बन्ध सुधारमा समेत सकस छ । सीमाको सकस त सहि र कहि नसक्नुको छ । नेपाली सेनाले सीमा सुरक्षामा खटिन परेको भए 'सुमधुर र प्रगाढ' भन्नै सक्थेन । ससस्त्र प्रहरीको पहरालाई भारतले टेरेको छैन । न्यूनतम मानवीय र नैतिक मूल्य-मान्यताको पक्षलाई पनि हेरेको देखिदैन, भेटिदैन । बेपत्ता जयसिंह धामी आफै प्रमाण हुन् । भारतीय सीमा सुरक्षा बलको अमानवीय र अत्याचारको शिकार भए, ज्यानै गुमाए ।

न छोड्न सकिने न जोड्न सकिने । विश्वास न अविश्वास । जति नजिक उति टाढा । जति टाढा उति नजिक । जति भर पर्‍यो, विश्वास गर्‍यो, उति घात् हुने, सहन पर्ने । साना देशको पीडा ठूलाले नबुझ्ने । भूपरिवेष्ठित हुनु नै दुर्भाग्य, अझ त्यसमाथि भारतीय शासकीय सोच र शैलीको प्रहारले न उठ्न नै दिन्छ न सहेर बस्न सकिन्छ । आपतमाथि विपत । सहयोग गरेको देखाएर समस्या थप्ने काम मात्रै भएको छ आजसम्म । माथिदेखि तलसम्मै नियन्त्रण गर्न खोज्ने । स्वतन्त्रता र स्वाधीनतामाथि हस्तक्षेप गर्ने । सताउने अत्याउने र सास्ती दिने, थोपर्ने । हुँदाहुँदा अब त सीधै सीमा नदीका तुइन काटेर मार्नै थाले । यसरी जनताको ज्यान जोखिममा पाररेर कति दिन हो सहने ? न विकल्प खोज्न सकिने, न आफै केही गर्न हुने, मिल्ने, दिने ! मर्नु न बाँच्नुको दोधार, सधैको प्रहार र मार ! यसरी कसरी सहेर बस्न सकिन्छ सरकार !?

धर्म, सँस्कृति, परम्परा, रहन-सहन, खान-पान, भेष, भाषा र पारिवारिक सम्बन्ध छ भारतसंग । अनि छ भारतको नेपालसित पनि । तर समानताको आधारमा भएन । अंग्रेजले भारत छोडेपछि भारतीय शासकमा अंग्रेजकै शासकीय शैलीको भूत सवार भयो । आफु मुक्त(स्वतन्त्र) भएपछि छिमेकप्रतिको व्यवहार सह-अस्तित्वमा आधारित हुन सकेन । पाकिस्तान छुट्टिनुको कारण त्यही हो । खालिस्थान र जम्मु काश्मीरमाथि सैनिक दमन कति असैह्य छ त्यहीका जनताले भोगेका छन् । जुन भारतलाई तरबार र खुकुरीको धारले जोगाएको छ, रगत दिएर सीमा सुरक्षा गरिदिएको छ, त्यही भारतले तरबार(शिख) र कुकुरीको धार(नेपाली)लाई सताउनु शोभनीय हैन, छैन । शिख र गोर्खाली फौज मात्रै नहुने हो भने एकीकृत भारत रहन सक्दैन । कति टुक्रामा विभाजित हुन्छ भन्न सकिदैन । पाकिस्तानी आतङ्कवादी र चिनीया प्रभाव विस्तारका कुरा नेपालमाथि थोपर्न मिल्दैन । हेपाई र चेपाई असैह्य भो सरकार !

# मिडियाको सामाजिक शक्ति र सीमितता

**डा. कुन्दन अर्याल**



कुनै समाचार पढेर मानिस रुन्छन्, द्रवित हुन्छन् वा अक्रोशित बन्छन्। कुनै समाचार सुनेर वा हेरेर मानिसले आफ्नो दृष्टिकोण बनाउँछ । समाचार मानिसको अनुभूति, सोच र दृष्टिकोणको आधार बन्न पुग्छ। तर मिडियाको प्रभाव केवल पाठक, श्रोता वा दर्शकमा मात्र सीमित हुँदैन । सामाजिक, सांस्कृतिक वा आर्थिक शक्ति संरचनाको परिधिमा पनि मिडिया अन्तर्वस्तुका प्रभाव सादृश्य भइरहेको हुन्छ। त्यसैले भनिएको हो, आमसञ्चार माध्यमसँग सामाजिक शक्ति हुन्छ।

सञ्चारविज्ञ भान डाइकले समाचार माध्यमहरूको शक्तिको चरित्र वा गुण-अवगुण र सीमिततालाई पनि केलाएका छन् । आमसञ्चार मानव सञ्चारका विभिन्न तहमध्ये एक हो । तर आमसञ्चारको विमर्शबाट उत्पन्न हुने सामाजिक शक्तिका सम्बन्धमा कतिपय प्रसङ्गमा सही आकलन गरिएको पाइँदैन। अर्का सञ्चारविज्ञ जोन स्ट्रीटको विचारमा शक्तिसम्बन्धी अध्ययनको प्रारम्भ सामाजिक जीवनमा प्रभाव पार्ने घटना-परिघटना वा तावका लागि को-को जिम्मेवार छन् भन्ने थाहा पाउने चाहनाबाट हुन्छ। समकालीन राजकीय मामिलाका लागि दोषी को-को हुन् ? अवस्थामा सुधार कसरी गर्न सकिन्छ ? समाचार माध्यमका सन्दर्भमा यस्ता प्रश्नको उत्तर खोज्न मिडिया-शक्तिको वितरण र अभ्यास वा मिडिया-शक्ति प्रयोगका बारेमा थाहा पाउन जरुरी हुन्छ। त्यही क्रममा उनी समाजमा विधमान शक्तिलाई विमर्श-शक्ति, पहुँच-शक्ति र स्रोत-शक्तिमा वर्गीकरण गर्छन्।

कुनै पनि समाजमा पहुँच र साधन-स्रोत मात्र होइन, आमसञ्चार माध्यमले विमर्श अघि बढाउँदै उत्सर्जन गर्ने शक्ति पनि उत्तिकै प्रभावकारी हुन्छ। तर विमर्शबाट उत्पन्न हुने सामाजिक शक्ति बल प्रयोगजस्तो प्रत्यक्ष र क्रियात्मक हुँदैन। कानुनको उल्लङ्घन गरेको अवस्थामा कानुन बाहाल गराउने निकाय वा प्रहरी-प्रशासनले कसैलाई कारबाही गर्ने क्रिया प्रत्यक्ष हुन्छ। तर मिडिया शक्तिले मानिसको क्रियामा नियन्त्रण गर्दैन। भान डाइकका अनुसार मिडिया शक्ति सामान्यतः साङ्केतिक र सहमतीय प्रकृतिको हुन्छ। मिडियाले प्राथमिक रूपमा केही हदसम्म पाठक वा दर्शकको मस्तिष्कलाई नियन्त्रण गर्ने क्षमता राख्छ। त्यस्तो क्षमता प्रत्यक्ष भने हुँदैन। सामाजिक शक्तिलाई विभिन्न सामाजिक समूह वा ज्यादै शक्तिशाली व्यक्तित्व सम्मिलित संस्था र कमजोर वर्ग वा व्यक्तित्वका कम शक्तिशाली वा कमजोर समूहबीचको अन्तरसम्बन्धका आधारमा पनि परिभाषित गरिंदै आएको छ। मिडियाको शक्ति सामाजिक रूपमा महाव प्रदान गरिएका स्रोत, बल, धन, आम्दानी, ज्ञान वा पद-प्रतिष्ठामा आधारित हुन्छ। यसरी सामाजिक सम्बन्धहरूको परिवेशबीच नै मिडियामार्फत सामाजिक शक्तिको उद्भव हुने गर्छ। त्यसैले मिडियाका अर्न्तवस्तु सामाजिक सम्बन्धहरूबाट प्रभावित भइरहेका हुन्छन्।

मिडिया व्यावसायिकता वा उच्चस्तरीय मूल्य मान्यताको बाटोमा अघि बढ्दै जानेक्रममा नै स्रोत र पहुँचको शक्तिको खेलका अवाञ्छित क्रियालापबाट क्रमशः मुक्त हुँदै जान सक्छ। तर यो कुरा कतिपय बेला पूरा हुनै नसक्ने आर्दशजस्तो पनि लाग्न सक्छ। बेलायती विद्वान् रेमण्ड विलियम लोकतान्त्रिक मिडिया प्रणालीलाई युटोपियजस्तै ठान्छन्। किनकि, उनको विचारमा सतहमा हेर्दा उत्पादन गर्नेले आफूलाई लागेजस्तो अन्तर्वस्तु उत्पादन र वितरण गर्न पाउने र उपभोक्ताले आफ्नो रुचिअनुसारको अन्तर्वस्तु उपभोग गर्न पाउनु लोकतन्त्र हो। तर उनी भन्छन्, आजसम्म विद्यमान प्रणाली भने लोकतान्त्रिक होइन, सारमा व्यापारिक मिडिया प्रणाली नै हो। किनकि उत्पादक र वितरकले त्यस्तो अन्तर्वस्तुको मात्र प्रसार गर्छन्, जो बजारमा सहजै बिक्री हुन्छ। यस क्रममा अल्पसङ्ख्यकका सञ्चार आवश्यकताको बेवास्ता हुने गर्छ। वियलमको विचारमा लोकतान्त्रिक मिडिया प्रणाली त त्यस्तो प्रणाली हो, जहाँ सबैका सञ्चार आवश्यकता पूरा हुन्छन्, जहाँ अर्न्तवस्तुको विविधताको स्तर निकै माथि हुन्छ। त्यो अवस्थामा निश्चय पनि मिडिया साँचो अर्थमा सामाजिक शक्तिको बाहक हुन सक्छ।

अव्यवस्थित मिडिया प्रणाली भएको समाजमा यी तीन वटा शक्ति मिडिया-शक्तिको प्रयोग र अवस्थासँग अनुचित रूपमा जोडिन्छन्। त्यसैले लोकतन्त्रमा मिडियाको स्थान र भूमिका सम्बन्धमा चर्चा गर्दा शक्तिका यी स्वरूपहरूलाई बुझ्नुपर्छ। यो विषयलाई जति प्रष्टसँग बुझ्न सकिन्छ मिडिया अन्तर्वस्तुद्वारा राजनीतिक सोच र बहसमा पार्ने प्रभावको प्रयत्नलाई त्यति राम्रोसँग थाहा हुन सक्छ। त्यसैगरी मिडियाको शक्तिमार्फत राजनीतिक पहुँच र सहभागितामा कसरी प्रभाव पार्ने गरिन्छ भन्ने बुझ्ने प्रक्रिया पनि यही नै हो। कुनै आमसञ्चार माध्यम र त्यसको सन्देशलाई बुझ्न समाचारको संरचना र त्यसमा उल्लेख गरिएको विषय वा गर्न खोजिएको विमर्शको रणनीति थाहा पाउन खोज्नुपर्छ। त्यो समाचार-कथाले समाजको संस्थागत संरचनासँग जोडिएर कस्तो विमर्श गर्न खोजेको छ भन्ने पनि बुझ्न जरुरी हुन्छ।

समाचारमा प्रयुक्त उद्धरण वा समाचारको शीर्षकले समाचार-कथाका पात्र वा समाचारका स्रोतको सञ्चार माध्यमसँगको पहुँचका बारेमा बताउँछ। त्यसैगरी, शीर्षकको सार र रूपले थाहा नपाइने गरी घटना वा प्रवृत्तिको व्याख्या प्रस्तुत गरेको हुन्छ वा पाठक, दर्शक वा श्रोतामाझ सहमति-प्रभाव सिर्जना गरिरहेको हुन्छ। तर अव्यावसायिक र कलाविहीन प्रस्तुति भएको खण्डमा समाचारले दिगो प्रभाव सिर्जना गर्न सक्दैन। अत्यन्त चलाखीपूर्वक समाचारमा गरिएको तोडमोड वा तथ्यको अपख्याखालाई बुझ्न भने उच्चस्तरको आमसञ्चार साक्षरताको आवश्यकता पर्छ। आमसञ्चार माध्यमले पाठक, श्रोता वा दर्शकलाई भाषा, प्रस्तुति वा संरचनाका माध्यमले तोडमोड गरेको वा आफ्नै सोचअनुकूलको कथन स्थापित गर्न खोजेको पनि हुन सक्छ। तर उपभोक्तामा मिडिया साक्षरताको परिमाण जति बढ्छ, मिडियाको एकाधिकार त्यति घट्छ। मिडियामार्फत प्रयुक्त हुने पहुँच र स्रोतको शक्तिको एकाधिकारलाई चुनौती दिने उपाय पनि उपभोक्ताको संचेतनामा अभिवृद्धि नै हो।

सामान्यतः एकातिर विमर्शबाट उत्पन्न हुने शक्ति वा डिसकर्सिव पावरले जे पनि गर्न सक्छ भन्ने अधिक मूल्याङ्कन गरिएको देखिन्छ। अर्कोतिर मास मिडियाले छापेर वा प्रसार गरेर के हुन्छ र ? भन्ने न्यून मूल्याङ्कन पनि भइरहेको देखिन्छ। साहित्य, मनोरञ्जनका मिडिया वा आमसञ्चारका अन्य विधाले जस्तै समाचार माध्यमको शक्ति विमर्शबाटै उत्पन्न हुने हो। तर तथ्यको तोडमोड भएको वा अवाञ्छित र अव्यावसायिक ढङ्गले उत्पादन गरिएको अन्तर्वस्तुले सामाजिक शक्ति उत्पन्न गर्न सक्दैन। दिगो प्रभाव सिर्जना गर्न सक्दैन। सुरुवात कालदेखि नै आमसञ्चार माध्यमलाई एकातिर समाजका पहुँच र साधन-स्रोतसहितका शक्ति शालीहरूले सामाजिक शक्तिसमेत हासिल गर्न प्रयोग गर्दै आएका छन्। अर्कातिर पहुँच र साधन-स्रोतको शक्तिको आकाङ्क्षामा मिडियाको सामाजिक शक्तिको प्रयोग हुँदै आएको छ। यही द्वन्द्व आमसञ्चार माध्यमको इतिहास र वर्तमानसमेत हो। छापा माध्यमबाट उदाएको आमसञ्चार माध्यमको क्षितिज रेडियो, टेलिभिज वा इन्टरनेटमा आधारित नयाँ मिडियासम्मको युगमा आइपुग्दा आश्चर्यजनक रूपमा फराकिलो भएको छ। तर यी सबै माध्यमबाट भइरहेको पत्रकारिताले उत्पन्न गर्ने सामाजिक शक्तिको प्रयोगको होड अन्तरर्वस्तुमा प्रतिविम्बित भइरहेको छ। स्थानीय, राष्ट्रिय र अन्तराष्ट्रिय तहसम्म समाचार माध्यममा अन्तरनिहीत यस्तो द्वन्द्व पढ्न, देख्न, सुन्न वा अनुभूत गर्न सकिन्छ।

नेपाली समाजमा एउटा भनाइ चर्चित छ, 'बोल्नेको पिठो बिक्छ, नबोल्नेको चामल पनि बिक्दैन।' यस भनाइको तात्पर्य पनि सञ्चार माध्यमले विमर्शका माध्यमले शक्तिको सिर्जना गर्छ भन्ने नै हो। आजको युगमा मिडिया समाजको एक अभिन्न र अपरिहार्य अङ्ग बनिसकेको छ। मिडियाले राजनीतिदेखि सामाजिक, सांस्कृतिक र आर्थिक जीवनका व्यवहार वा अभ्यासहरूलाई प्रभावित गरिरहेका छन्। यस्तो अवस्थामा मिडियाले सिर्जना गर्ने सामाजिक शक्तिको महाव हुन्छ। तर मिडियाले नियतवश कुनै खास स्वार्थलाई समाचारका रूपमा स्थान दिएको अवस्थामा भने समाचारले सामाजिक शक्ति ग्रहण गर्न सक्दैन। म्यानुपुलेसनको त्यस्तो अवस्थामा समाचार माध्यमको स्वीकार्यता पनि कम हुन्छ। आम उपभोक्ताबीच समाचार माध्यमको स्वीकार्यता र विश्वसनीयता नै मिडियाको शक्तिको आधार हो।

*- गोरखापत्रबाट*

## ठेकेदार र...

बजारमा यो ४ हजार क्यूफिटमा बिक्री हुन्छ।

अवैधानिक अध्यक्ष सेन : श्रृंङ्गीघाट सामुदायिक बनको कार्यसमिति १ बर्ष अघि नै विघटन भइसकेको अवस्थामा रेनु सेन आफै अवैधानिक अध्यक्ष हुन्। उनी मात्र तर्दथ रुपमा छिन् तर विघठित समितिको अध्यक्ष रेनु सेनले रकम हिनामिना समेत गरेको समितिकै एक सदस्यको दाबी छ। बैज्ञानिक बन खारेजी विरुद्ध आन्दोलन गर्नुपर्ने भन्दै विगठन भएको समितिको अध्यक्षले खाताबाट रकम निकालेको, सुराकी भन्दै १ लाख बढि रकम खर्च गरेको तर सुराकी कहाँ के गरे भन्ने जानकारी समितिलाई थाहा नभएको र उपभोक्ताहरु भन्दै कटानको ठेक्का पनि सेनले महंगोमा दिएर कमिशन लिएको आरोप छ। सोहि कारण उपभोक्ताहरुले सेनलाई हटाउन र अधिवेशन गर्न पटक पटक माग गरेका थिए। हाल आएर सेनले कोरोनाको कारण देखाउदै जर्बजस्ती पदमा बस्न खोज्नुले पनि उनको पदिय लोभ प्रस्ट देखिन्छ। १ बर्ष अघि श्रृंङ्गीघाट सामुदायिक बनको अधिवेशनले रेनु सेन नेतृत्वको समिति खारेज गरि कमल आचार्यको अध्यक्षतामा निर्वाचन मण्डल बनाएर कार्य अघि बढाएको थियो। तर सेनले निर्वाचन मण्डल मान्दिन भन्दै विरोध गरेकी थिइन्। काठ चोरी र यसमा अध्यक्षको मिलेमतोको विषय उठेपछि अहिले पुन : उपभोक्ताहरुले तत्काल अधिवेशन गरि नयाँ नेतृत्व ल्याउन र सामुदायिक बनको भ्रष्टाचारमा संलग्नहरुलाई कारवाहीको माग थालेका छन्।

डिभिजन भन्छ कारवाही हुन्छ : सव डिभिजन वन कार्यालय मोतिपुरका सहायक वन अधिकृत उमेश कुमार साहले प्लटको कटान रजिष्टर र घाट गद्दी रजिष्टर मिलान गर्ने क्रममा ९ सय ३९ दशमलव ४४ क्युफिट काठ हराएको पुष्टि भएको जनाए। हराएको काठको संरक्षणको जिम्मेवारी सामुदायिक वनको भएको प्रष्ट पार्दै सहायक वन अधिकृत साहले प्रारम्भिक प्रतिवेदनमा ठेकेदार पक्षको कमजोडी देखिएको बताएका छन्। "वनको टोलीले काठ हराएको पत्ता नलगाउदाँ सम्म सामुदायिक वनले हामीलाई काठ हराएको बिषय जानकारी दिएको थिएन।" उनले भने। यसबारे डिभिजन बनले सामुदायिक बन र त्यसका पदाधिकारी तथा कटान ठेकेदारहरुलाई मुद्धा दर्ता, जरिवाना, कालोसूची वा अन्य प्रकारका दण्ड सजाय गर्ने गरि प्रक्रिया अघि बढाएको जनाएको छ।

आरोपी भन्छन हामी निर्दोष : श्रृंङगीघाट सामुदायिक बनकी अध्यक्ष सेनले ठेकेदारको लापरवाहीले काठ हराएको हुदा आफुहरुको कुनै हात नभएको दाबी गर्दै जरिवाना तिराउने बताउछिन्। अरु आरोप निराधार हुन, छानबिन गरे हुन्छ, उनले ठाडो शैलीमा भनिन्। यता ढलापडा संकलन तथा कटान ठेक्का लिएका कृष्णगोपाल श्रेष्ठ कोजुले आफुलाई बदनाम गर्ने षडयन्त्र भएको बताउदै उक्त काठ आफुले नलगेको दाबी गर्दै प्रमाणित गर्न चुनौति दिए। कटानी र ढुवानी सम्म ठेकेदारको जिम्मा भन्नेमा सम्झौता गरेको स्वीकार्दै हराएको न्यूनतम जरिवाना तिर्न आफुहरु तयार भएको उनको भनाई छ।




# स्थानीय तहको अनुभव साट्दै गुल्मी र पर्वत



गुल्मी ३० साउन

देश संघियतामा गए पश्चात ७५३ स्थानीय तहहरु गठन भए । स्थानीय तहहरुले कानून निर्माण गर्ने र स्थानीय सरकार संचालन गर्दै आएको पनि चार बर्ष पुरा भयो । यस समय अबधिमा आफूहरुले गरेका कार्यहरु र अन्य स्थानीय तहहरुले गरेका कार्यहरुको अनुभव आदान प्रदान गर्नका लागि गुल्मीका २ स्थानीय तह पर्वत पुगेका छन् । गुल्मी जिल्लाको धुर्कोट गाउँपालिका र कालीगण्डकी गाउँपालिकाले पर्वतको कुस्मा,फलेवास नगरपालिका , जलजला,मोदी, बिहादी र पैँयु गाउँपालिकामा चार बर्षमा गरेका कार्यहरु र एक आपसमा अनुभव आदान प्रदान गरेको धुर्कोट गाउँपालिकाका अध्यक्ष भुपाल पोखरेलले जानकारी दिए ।

एक स्थानीय तहले अर्को स्थानीय तहसंग अनुभब आदान प्रदान गर्दा नयाँ कामहरुको सिको गर्न सकिने र कार्य सम्पादनमा सहजता आउने पोखरेलले दाबी गरे ।आफूहरुले गरेका कार्यहरु सेयर गर्ने , अन्य स्थानीय तहहरुले गरेका कार्यहरुका बारेमा जानकारी लिदाँ र कार्य सम्पादनमा भएका समस्याहरुको बारेमा समाधान समेत गर्न सकिने भएकाले अनुभब आदान प्रदान कार्यक्रम प्रभाबकारी भएको कालीगण्डकी गाउँपालिकाका अध्यक्ष बेदबहादुर थापाले बताए ।

**अनुभव आदान प्रदान कार्यक्रम प्रभावकारी**

यस्तै कुस्मा नगरपालिका वडा नम्वर ७ का वडा अध्यक्ष सुजासचन्द्र पौडेलले अनुभव आदान प्रदान कार्यक्रम प्रभाबकारी भएको दाबी गरे । पौडेलले चार बर्षको समय अवधिमा गरेका कार्यहरु र कार्यसम्पादको सन्र्दभमा आएका समस्याहरुको बारेमा अनुभव आदान प्रदान गर्न पाउनु अवसर भएको बताए । नगरपालिकाले यस अवसरलाई भरपुर रुपमा प्रयोगमा ल्याउने बताउँदै आफूहरु पनि अन्य जिल्लाका स्थानीय तहहरुसंग अनुभव साटासाट गर्नका लागि जाने बताए । अनुभव आदान प्रदान कार्यक्रमले गण्डकी प्रदेश र लुम्बिनी प्रदेशलाई पर्यटन प्रबर्द्धन संगै अन्य क्षेत्रहरुसंग पनि नजिक बनाएको दाबी गरे ।

**स्थानीय जनता सापेक्षतामा खुसी**

यता फलेवास नगरपालिकाका प्रमुख पदमपाणी शर्माले आफूहरुले गरेका कार्यहरु प्रति स्थानीय नागरिकहरु सापेक्षतामा सन्तुष्ट रहेको बताए । यस्तै मोदी गाउँपालिकाका अध्यक्ष प्रेम शर्मा पौडेलले आफूहरुको कार्यकाल सकिनै लागेकाले जनप्रतिनिधिहरु जनताकै सेवामा तल्लीन भएर लागेको बताए । आफनो कार्यकालमा गरेका कार्यहरुप्रति भावी पुस्ताहरुले पनि सम्झन लायकका कामहरु गर्नुपर्नेमा उनले जोड दिए ।

**निर्वाचित भएको दिनमा भन्दा बढी खुसी**

यस्तै बिहादी गाउँपालिकाका अध्यक्ष कमलप्रसाद भुसालले यसरी अनुभव आदान प्रदान गर्ने अवसर पाएकोमा आफू निर्वाचित भएको दिनमा भन्दा बढी खुसी भएको अनुभव सुनाए । उनले आफूहरुले कृषकहरुको आर्यआर्जनमा बृद्धि गर्ने र कृषकहरुको बजारको ग्यारेन्टी गाउँपालिकाले गरिदिएको बताए । यस्तै गाउँपालिकाले एक घर एक टनेल, एक घर एक धारा र कृषक कल्याणकारी बचत कोषको कार्यलाई प्राथमिकता दिएको बताए । यस्तै भुसालले गुल्मीको धुर्कोट गाउँपालिकाले गरेका कार्यहरु उदाहरणीय भएको भन्दै धुर्कोटबाट अन्य स्थानीय तहहरुले धेरै सिक्नुपर्ने बताए । उनले धुर्कोट गाउँपालिकाले गरेका कार्यहरुको देशभर चर्चा भएको बताए ।

यस्तै कालीगण्डकी गाउँपालिकाकी उपाध्यक्ष तारा थापाले मोदी गाउँपालिकाको न्यायीक समितिले इजलास कक्ष नै खडा गरी न्याय सम्पादन गरेको भन्दै त्यसलाई सबैले अनुषरण गर्नुपर्नेमा जोड दिइन् । थापाले स्थानीय तहको न्याय सम्पादनमा आउने समस्या र अनुभब आदान प्रदान गर्न पाउनु ठूलो अवसर भएको बताइन् ।अनुभव आदान प्रदान कार्यक्रममा स्थानीय तहहरुले कोरोनाका कारण सोचेजति काम गर्न नसकिएको र कोरोना रोकथाम तथा नियन्त्रणमानै बजेट र समय खर्चिएको अनुभब सुनाएका थिए ।

# नावालिकालाई जबरजस्ती गर्ने ३६ बर्षीय पुरुष पक्राउ



गुल्मी, ३० साउन

गुल्मीमा ४ बर्षीय नावालिकालाई जवरजस्ती करणी गरेको आरोपमा शुक्रबार साँझ एक पुरुष पक्राउ परेका छन् । जिल्लाको कालीगण्डकी गाउँपालिका वडा नम्वर ७ भुर्तुङका नाताले बाउ पर्ने ३६ बर्षीय पुरुषले ४ बर्षीय नावालिकालाई जबरजस्ती करणी आरोपमा पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय गुल्मीले जनाएको छ । नावालिकालाई मेडिकल गरी सेफ हाउसमा राखिएको जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रहरी नायव उपरीक्षक पुरुषोत्तम पाण्डेले जानकारी दिनुभयो । पुरुषलाई आइतबार जिल्ला अदालत गुल्मीबाट म्याद थप गरी जवरजस्ती करणीको मुद्धा दर्ता गर्ने तयारी रहेको पाण्डेले जानकारी दिनुभयो । घटनाको बारेमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । नावालिका र पुरुषको नाम गोप्य राखिएको प्रहरीले जनाएको छ ।

Bhumikasthan Municipality
**Office of Municipal Executive**
Nuwakot, Arghakhanchi

Invitation for Online Bids

Date of publication: 15-08-2021 (2078-04-31)

1. Bhumikasthan Municipality, office of the Municipal Executive, Nuwakot, Arghakhanchi invites electronic Bids from eligible bidders under PPMO,s e-GP system www.bolpatra.gov.np./egp,. for following works under National Competitive Bidding Single Stage two envelop system. All other information and Bid Document can be downloaded from PPMO,s e-GP System www.bolpatra.gov.np./egp

Information to deposit the cost in the Bank:
**Name of the Bank:** Century Commercial Bank, Nuwakot, Arghakhanchi
**Name of Office**: Bhumikasthan Municipality, office of Municipal Executive, Arghakhanchi
**Office Code : 305045101**
**Rajaswa (Internal revenue) Account no. :0900000013GE**
**Dharauti Account no.: 0900000004GE**
**Last Date of Bid Submission : 14-09-2021 (2078-05-29) 12.00 Noon.**

2. Bidders other details are as given below:

| Tender No. | Name of Project | Bid Document Fee (NRs) | Bid security valid period | Bid Security Amount In NRs | Validity of Bid Security |
|---|---|---|---|---|---|
| 05/BMA/W/BT/ 2078/079 | Nuwakot Khilji Asurkot Road Upgrading works (Blacktop and Structure) | NRs. 5000.00 (Not Refundable) | 90 Days | NRs. 2450000 | 120 days (12 january, 2022, i.e. 2078/09/28) |




बर्दघाट नगरपालिकाको अधुरोध

सँाँस्कृतिक धार्मिक र प्रकृतिक सम्पदाको रक्षा गरौं ।राष्ट्रिय स्वाभिमानको रक्षा गरौं ।

अपाङ्गता भएका व्यत्तीहरु प्रतिको नकारात्मक सोच आजै वाट अन्त्य गरौं ।

आफुले पालेका पशुपंक्षीलाई खुला रुपमा नछोडी थुनेर मात्र पालौं ।

बालविवाह,बहुविवाह र अनमेल विवाहलाई प्रश्रय नदिऔं, स्वस्थ समाजको निमार्ण गरौं ।

बर्दघाट नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
नवलपरासी

जथाभावी बाटो नकाटौं, अकाल मृत्युबाट बचौं।
अनुरोधक :-
सैनामैना नगरपालिका नगरकार्यपालिकाको कार्यालय
रुपन्देही

आफुले पालेका पशुपंक्षीलाई खुला रुपमा नछोडी थुनेर मात्र पालौं ।
अनुरोधक :-
शितगंगा नगरपालिका नगरकार्यपालिकाको कार्यालय
अर्घाखाँची

अपाङ्गता भएका व्यत्तीहरु प्रतिको नकारात्मक सोच आजै वाट अन्त्य गरौं ।
अनुरोधक :-
कन्चंन गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
रुपन्देही

सँाँस्कृतिक धार्मिक र प्रकृतिक सम्पदाको रक्षा गरौं ।राष्ट्रिय स्वाभिमानको रक्षा गरौं ।
अनुरोधक :-
महाराजगञ्ज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कपिलवस्तु

बालविवाह,बहुविवाह र अनमेल विवाहलाई प्रश्रय नदिऔं, स्वस्थ समाजको निमार्ण गरौं ।
अनुरोधक :-
विजयनगर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

मरेका पशुपंक्षी लगायतका संक्रमित वस्तुहरु नदी,कुलो खेतमा नफालौं ।
अनुरोधक :-
शुद्धोधन गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

मानव बेचविखन विरुद्ध सारा नेपाली एक हाऔं।
अनुरोधक :-
बाणगंगा नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

अखाद्य,सडेगलेको वा म्याद नाघेको वा अस्वाभाविक रुपमा बढि मुल्य लिने वा कम तौल बिक्री गरेको पाइयमा नजिको प्रहरी कार्यालयमा सम्पर्क गरौं ।
अनुरोधक :-
बुद्धभुमि नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

घरेलु हिंसा अपराधको जघन्य प्रकार,सबै मिलि गरौं यसको प्रतिकार
अनुरोधक :-
यशोधरा गाउँपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

लागु औषद सेवनले मानिसको शारिरिक र मानसिक स्वास्थ्य बिग्रन्छ ,धन सम्पतीको वर्वाद गर्दछ ।यसको प्रयोग वाट आफु ,परिवार,सामाजलाई नै अपुरणीय क्षेती पुग्ने हुदा यस्ता पदार्थ देखी टाढा रहौं ।
अनुरोधक :-
शिवराज नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

वस्तु वा सामान खरिद गर्दा अनिवार्य रुपमा बिल लिने गरौं ।
अनुरोधक :-
कृष्णनगर नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

नदिजन्य पद्धार्थको दोहन नगरौं । यदि कसैले यस्तो कार्य गरेको देखेमा तुरुन्त नजिकको प्रहरी कार्यालयमा खबर दिऔं ।
अनुरोधक :-
मायादेवी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

उपभोग्य वस्तु खरिद गर्नु अघि अनिवार्य रुपमा वस्तुको मुल्य , उत्पादकको नाम ठेगाना ,तौल ,उत्पादन र उपभोग गर्न सकिने मिति हेरेर मात्र खरिद गरौं ।
अनुरोधक :-
कपिलवस्तु नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

# एमाले एकता र विभाजनको दोबाटोमा पुग्यो: नेपाल



काठमाण्डौ, ३० साउन

नेकपा एमालेका वरिष्ठ नेता माधवकुमार नेपालले पार्टी एकता र विभाजनको दोबाटोमा पुगेको बताएका छन् । शनिबार बागमती प्रदेश सम्पर्क समितिको शपथ ग्रहण कार्यक्रममा उनले पार्टी अध्यक्ष केपी शर्मा ओलीको एकलौटी गतिविधि एकता विरोधी रहेको बताए। ओलीले एकपछि अर्को एकलौटी काम गरिरहेकाले पार्टी एकताको आधार कमजोर हुँदै गएको उनको भनाई छ।

नेता नेपालले पार्टी अध्यक्ष ओलीले पार्टीको विधान संशोधन गर्ने भनेपछि पार्टी एकताको कुरा गर्नेहरू पनि छ्याङ्ग भएको टिप्पणी गरेका छन्। उनले आफूले एकता चाहिरहेको तर पार्टी अध्यक्ष ओलीले विभाजन चाहेको उल्लेख गरे । उनले भने-'हुँदा हुँदा अहिले पार्टीको विधान संशोधन गर्ने प्रस्ताव सुनिसकेपछि भ्रममा परेका साथीहरू, आशा गरेर बसेका मान्छेहरू पनि छर्लङ्ग भएका होलान्, निराश भएका होलान् । छाँगाबाट खसेको स्थितिमा पुगेका होलान् ।'

उनले एकताको कुरा गर्ने वामदेव गौतमले विधान संशोधन गरेर नेकपा एमालेको अध्यक्षलाई कसैलाई पनि गद्दार घोषणा गर्ने अधिकार अध्यक्षलाई रहने भन्ने कुरा थप गर्न सुझाएको कुरा स्मरण गराए । नेता नेपालले भने-'कसैलाई पनि उहाँले गद्दार घोषणा गर्न सक्नुहुन्छ, कसैलाई पनि आम माफी दिन सक्नुहुन्छ । सर्वशक्तिशाली अध्यक्षको रूपमा विधानमा व्यवस्था गरौं ।' उनले जब ओलीलाई पार्टीको विधिमा बाँध्न खोज्दा सरकारको काम राम्रोसँग गर्नुहोस् भनेर सुझाव दिँदा मन नपरेको बताए । उनले भने-'हामीले राम्रो सुझाव दिँदा मलाई घेराबन्दी गर्ने भन्न थाल्नुभयो । मलाई निर्देशन दिने मान्छे यस धर्तीमा जन्मेको छैन । मलाई मनमा जे आउँछ, स्वेच्छापूर्वक काम गर्नेछु। मेरो आदेश सबैले पालना गर्नुपर्छ भन्ने उहाँको मनोदृष्टि हामीले मनोगत भनेर त्यतिकै भनेका हैनौं । तथ्य र घटनाक्रमले त्यसलाई पुष्टि गर्दै आइरहेको छ।'

उनले ओलीले माधव नेपाल जस्तालाई एमालेमा ठाउँ छैन भनिरहेको तर एकताको कुरा गर्ने साथीहरूले सबै निर्णय खारेज हुन्छ भने पनि अहिलेसम्म कुन निर्णय खारेज भयो भनेर प्रश्न गरे । केपी ओलीका महासचिवले आउने आउँछन् जाने जान्छन् पार्टी अगाडि बढ्छ भन्ने गरेको पनि नेता नेपालले बताए । त्यस्तो अवस्थामा लुरुक्क परेर ओलीको टाङमुनि नछिर्ने बरु क्रान्तिकारी ढङ्गले पार्टीलाई अगाडि बढाउने बताए। नेता नेपालले ओलीले किन विधान संशोधनको प्रस्तावको नियत बुझ्न कुनै गाह्रो नभएको बताउँदै जथाभाबी रूपमा पार्टीमा पदाधिकारी नियुक्त गरेबाटै प्रस्ट हुने बताए। उनले पार्टीभित्र एकताको कुरा गर्ने नेताहरूलाई लक्षित गर्दै भने-'हामी भ्रममा परेका छौं, त्यो विधान पनि खारेज हुन्छ कि, निर्णय फिर्ता हुन्छ कि ? तर फिर्ता भएको छैन। नियुक्त गरिएको एउटा पनि पदाधिकारी हटाएको छैन। उहाँले एकतर्फी रूपमा कदम अगाडि बढाउनुभएको छ।'

उनले ओलीको नियत छर्लङ्ग भएको बताउँदै अहिलेसम्मको समस्याको कारण ओली कि हामी भन्दै प्रश्न गरे। दुई नेताको झगडाको विषय मात्रै भएको भए बामदेव गौतमले किन विधानमा त्यस्तो कुरा थप्न भनेको ? नेकपा कालमै बहुमत स्थायी समितिले किन ओलीको राजीनामा मागेको ? भन्ने प्रश्न गर्दै त्यसपछि पनि ओलीमा सुधार नभएको बताए। उनले भने-'ओलीमा तपाईंले कुनै सुधारको लक्षण देख्नुभएको छ ? सुधार गरेको कुनै काम देख्नुभएको छ ? उहाँ लोकतान्त्रिक बन्न खोज्नुभएको छ ? उहाँको आदेश त माधवकुमार नेपाल जस्ताका लागि पार्टीमा ठाउँ छैन । उहाँले भनेका एक एक शब्द हेर्ने हो भने उहाँको स्तर बताउँछ। उहाँ कुन तहसम्म मान्छेलाई हियाउन सक्नुहुन्छ, बद्ख्याँई गर्न सक्नुहुन्छ उहाँको स्तर थाहा हुन्छ। त्यही भएर बामदेव कमरेडले विधानमा अध्यक्षले गद्दार घोषणा गर्ने व्यवस्था थप गर्न भन्नुभएको होला।'

उनले ओलीको अत्याचार सहने अवस्था नभएको बताउँदै ओलीसमक्ष आत्मसमर्पण नगर्ने तर पार्टीलाई रूपान्तरण गरेर अघि बढ्ने बताए।

रातोपाटी

# पुस ११ गते राष्ट्रिय सम्मेलन गर्ने प्रचण्डको प्रस्ताव



काठमाण्डौ, ३० साउन

नेकपा माओवादीको राष्ट्रिय सम्मेलन आगामी पुस ११ देखि १३ गतेसम्म हुने भएको छ । स्थानीय र प्रदेश स्तरका अधिवेशनहरू सकेपछि पुस ११ गते पार्टीको राष्ट्रिय सम्मेलन गर्ने प्रचण्डको प्रस्ताव छ। शनिबारदेखि काठमाडौंको बत्तीसपुतलीमा सुरु भएको केन्द्रीय कमिटीको बैठकमा राजनीतिक एवं सङ्गठनात्मक प्रतिवेदन पेस गर्दै अध्यक्ष प्रचण्डले आगामी पुस ११ देखि १३ गतेसम्म राष्ट्रिय सम्मेलन गर्ने प्रस्ताव पेस गरेका हुन् । प्रचण्डको प्रस्तावमा यही भदौ मसान्तभित्र माओवादी केन्द्रले देशैभरि पार्टी सदस्यता वितरण एवं नवीकरणको काम सम्पन्न गर्ने उल्लेख छ। असोजमा टोलदेखि वडा हुँदै गाउँ सम्मेलनहरु गरिसक्ने र कात्तिकमा जिल्ला अधिवेशन गर्ने भनिएको छ । देशैभरका वडाहरूमा एकै दिन सम्मेलन सम्पन्न गर्ने प्रचण्डको प्रस्ताव छ। त्यस्तै ७७ जिल्लाको सम्मेलन पनि एकै दिन गर्ने भनिएको छ। मङ्सिर १५ मा साथै प्रदेशको अधिवेशन सम्पन्न गरेपछि माओ दिवसको दिन पारेर पुस ११ गते राष्ट्रिय सम्मेलन गर्ने प्रचण्डले प्रस्ताव गरेका छन्।

# आफु बसेको जेल हेर्न पुगे राष्ट्रियसभा अध्यक्ष



**जानु पाण्डे**

कपिलवस्तु, ३० साउन

राष्ट्रियसभा अध्यक्ष गणेश प्रसाद तिमिल्सिनाले कपिलवस्तु जिल्ला कारागारको अवलोकन गर्नुभएको छ। अध्यक्ष तिमिल्सिनाले २०४२ सालमा पञ्चायत बिरुद्धको आन्दोलनका क्रममा चार वर्ष जेल जिवन मध्ये १८ महिना कपिलवस्तु कारागारमा बिताएका थिए ।आफूले जेल जीवन बिताएको कारगार र अहिले कैदी बन्दीको रुपमा रहेकाको अवस्था बुझ्न कपिलवस्तु आएको उहाले बताउनुभयो।

तिमिल्सिना जेल बस्दा को अवस्था भन्दा अहिलेको अवस्थामा सुधार देखिएको तर कारागारको क्षमता भन्दा धेरै कैदी बन्दी भएको बताए । कारागारमाशिक्षा दिने तथा सिप सिकाउने जस्ता कृयाकलाप संचालन गराईसुधार गृहको रुपमा विकास गर्नआग्रह समेत ब्यक्त गरे । पि एन क्याम्पस पोखराको स्व.वि.यु. सचिव रहदा सरकारलेगिरफ्तार गरी जेल पठाएको थियो ।शान्ति सुरक्षा अन्तर्गत राजबन्दीका रुपमा अध्यक्ष तिमिल्सिना कास्की, कपिलवस्तु, वीरगन्ज, केन्द्रीय कारागार लगायत स्थानमा चार वर्ष जेल बसेर २०४६ सालमा रिहा भएका थिए।

उहाँले कपिलवस्तु कारागारको थप सुधारका लागि सरकार समक्ष पहल गर्ने बताउनुभयो। अवलोकनका क्रममा उहाँले कैदी बन्दीका लागि मास्क उपलब्ध गराउनुभएको थियो। ३५२ जना क्षमता भएको कारागारमा ४५२ जना कैदी बन्दी रहेको कपिलवस्तु कारागार प्रमुख राकेश पाण्डेले जानकारी गराउनुभएको थियो।





श्रमिकहरुको मौलिक अधिकारको सम्मान गरौं,
सबै प्रतिष्ठानहरुले न्युनतम पारिश्रमक प्रदान गर्न आनाकानी नगरौं

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग





कमन नेपाल प्रा. लि.द्वारा प्रकाशित राष्ट्रिय दैनिक बुद्ध दर्पणका लागि प्रबन्ध निर्देशक : लक्ष्मण बेल्बासे, अतिथि सम्पादक : नारायणप्रसाद पौडेल, प्रधान सम्पादक: बसन्त गिरी,
सम्पादक : पार्वती पाण्डे, प्रबन्ध-सम्पादक : डिलाराम भुसाल, बजार व्यवस्थापक : रामु पौडेल, कम्प्युटर सेटिङ्ग : सागर क्षेत्री
प्रधान कार्यालय : बाणगंगा नगरपालिका-४, कपिलवस्तु, फोन नं. ०७६-५५०२६०, फ्याक्स: ०७६-५५०२६०, प्रकाशन कार्यालय बुटवल उ.म.न.पा.-८ रुपन्देही , लुम्बिनी प्रदेश , ईमेल: buddhadarpan@gmail.com मुद्रण: कलर अफसेट प्रेस, बुटवल, रुपन्देही